# आठविसकोट नगरपालिकाको शिक्षा ऐन, २०७४

नेपालको संविधान, २०७२ को धारा २२१, अनिसुची ८ को सूची नं. ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) अनुसारआधारभूत र माध्यामिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावनाः** रास्ट्रिय विकासको लागि आवश्यकजनशक्ति तयार गर्नसंघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाअनुकुन सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्नआठविसकोट नगरपालिकाको लागि स्थापना हुने तथा भई संचालन भइरहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापनगर्दैशैक्षिक गुणस्तर सुधार गरि जीवनोपयोगी तथा गुणस्तरीय शिक्षा कायम गर्न आठविसकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम आठविसकोट नगरपालिकाकोशिक्षा ऐन, २०७४ रहेको छ।

(२) यो ऐन आठविसकोट नगरपालिकाभरी लागु हुनेछ ।

(३) यो ऐन तुरुन्तप्रारम्भहुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) **"प्रारम्भिक बालविकास शिक्षा"** भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षमा दिइने शिक्षा सम्झनु पर्दछ।

ख) **"प्राथमिक शिक्षा"** भन्नाले प्रारम्भिक कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्दछ।

ग) **"आधारभुत शिक्षा"** भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

घ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्दछ।

ङ) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अलि अशक्त शारिरीक अपांगता भएका बालबालिकाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यामबाट दिइने शिक्षा सम्झनुपर्दछ।

च) **"सभा"** भन्नाले आठविसकोट नगरपालिकाको नगर सभालाई सम्झनुपर्दछ।

छ) **"नगरपालिका"** भन्नाले आठविसकोट नगर कार्यपालिका सम्झनुपर्दछ।

ज) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ।

झ) **"संस्थागत विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ।

ञ) **"आधारभुत विद्यालय"** भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्म शिक्षा दिने विद्यालय सम्झनुपर्दछ।

ट) **"विद्यालय शिक्षा"** भन्नाले आधारभुत र माध्यामिक शिक्षा सम्झनुपर्दछ।

ठ) **"विद्यालय"** भन्नाले सामुदायिक वा संस्थागत वा गुठीको रुपमा संचालित वा शहकारीको माध्यामबाट संचालित विद्यालय सम्झनुपर्दछ।

ड) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्दछ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

ढ) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्दछ।

ण) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

त) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेका सार्वजानिक वा निजि गुठी सम्झनुपर्दछ।

थ) **"आधारभुत शिक्षा उर्त्तीण परीक्षा"** भन्नाले आधारभुत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्दछ।

द) **"अनुमति"** भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्ने वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

ध) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

न) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइचर्सिटी इमिग्रेन्ट भिसा (डिभी), परमानेन्ट भिसा(पि.आर.) वाग्रिन कार्ड सम्झनुपर्दछ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

प) **"आयोग"** भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनुपर्दछ ।

फ) **"नेपाल सरकार"** भन्नाले सामान्यतया संघीय सरकारलाई बुझ्नुपर्दछ र सो शब्दले प्रदेश सरकार र स्थानीय नगर सरकारलाई समेत बुझाउनेछ ।

३. **विद्यालय खोल्ने अनुमति लिनुपर्ने** : (१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगर कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगर कार्यपालिका वा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न, अनुमति दिन मानसिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी तोकिए बमोजिम अनुमति दिईनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन भएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा तोकिए बमोजिम स्वीकृति प्रदान गरिनेछ ।

(४)कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई आधारभूत विद्यालयको लागि आठविसकोट नगर शिक्षा समिति र माध्यमिक विद्यालयको लागि सम्बन्धित जिल्ला शिक्षा समितिको सिफारिस सहित तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम निवेदन परेमा नेपाल सरकार वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(६) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालन गरेको देखिएमा नेपाल सरकार वा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(७) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(८) उपदफा (४)बमोजिम निवेदन परेमा नगर शिक्षा शाखा प्रमुखलेसो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन नगर शिक्षा समितिको सिफारिस सहित नगर कार्यपालिकामा प्रस्ताव पेश गर्नुपर्ने छ ।

(९) माथि जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(१०) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा संघीय शिक्षा हेर्ने मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(११) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

गर्न सक्नेछ ।

(१२) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनु पर्ने विषय, पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(१३) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

तर विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा नेपाल सरकारसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कूटनैतिक नियोगबाट सिफारिस भएमा नेपाल सरकारले शर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । त्यसरी विद्यालय खोल्नको लागि नेपाल सरकार समक्ष सिधै निवेदन दिनसकिनेछ ।

(१४) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा नेपाल सरकारले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

(१५) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागू हुने छैन ।

(१६) विद्यालय खोल्ने अनुमति वा स्विकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **विद्यालयको सञ्चालन** :विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५. **माध्यमिक शिक्षाको प्रकार**: माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन् :-

(क) साधारण माध्यमिक शिक्षा

(ग) संस्कृत माध्यमिक शिक्षा ।

(घ) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

तर त्यस्तो शिक्षामा थप एक वर्ष तोकिए बमोजिम व्यवहारिक अभ्यास गराइनेछ ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

७. **शिक्षाको माध्यम** :(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(३) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्याम सोही भाषा हुन सक्नेछ ।

(४) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

८. **शैक्षिक गुणस्तर परीक्षण केन्द्र** : (१) विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कामको लागि नगरपालिकामा एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहनेछ ।

(२) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुखको रुपमा काम गर्न नगरपालिकाले एकजना शिक्षा परीक्षक नियुक्त गर्नेछ ।

(३) शिक्षा परीक्षकको नियुक्तिको लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा शिक्षा शाखा प्रमुख र स्रोत व्यक्ति रहेको एक समिति रहनेछ ।

(४) उपदफा (३) बमोजिमको समितिले नेपाल शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित तृतियश्रेणीको पदमा काम गरेका व्यक्तिहरुमध्येबाट शिक्षा परीक्षकको पदमा नियुक्तिको लागि नाम सिफारिस गर्नेछ ।

(५) शिक्षा परीक्षकको नियुक्ति, पारिश्रमिक र सेवाको अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(६) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** : (१) विद्यालयहरुले नेपाल सरकारद्धारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुऱ्याएको मानिने छैन ।

१०. **परीक्षा सञ्चालन तथा समन्वय समिति** : (१) नगरपालिकाका विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको गठन र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) आधारभुत तहको अन्त्यमा सञ्चालन हुने परीक्षा उपनियम (१) बमोजिमको समितिले सञ्चालन गर्नेछ ।

११. **नगर शिक्षा समिति** : (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय

आठबिसकोट नगरपालिका, रूकुम(पश्चिम)

गर्ने कामको लागि नगरपालिकामा देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :-

(क) नगरप्रमुखवा निजले तोकेको एकजना नगर कार्यपालिकाको सदस्य - संयोजक

(ख) नगर कार्यपालिकाका महिला तथा दलित सदस्यहरुसमेत समावेश हुने गरी नगर कार्यपालिकाले तोकेका ५ जना सदस्यहरु - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी -सदस्य

(घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको एक जना प्रधानाध्यापक - सदस्य

(ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधीमुलक संस्था मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधी एक जना - सदस्य

(च) नगरपालिका स्तरीय अभिभावक संघका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख वाअध्यक्षले तोकेको प्रतिनिधी एक जना -सदस्य

(छ) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगरपालिकाको प्रमुखले तोकेको सदस्य १ जना -सदस्य

(ज) आधिकारीक शिक्षक संघको तर्फबाट प्रतिनिधि १ जना- सदस्य

(झ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगर कार्यपालिकाले तोकेको एक जना प्रतिनिधि - सदस्य

(ञ) शिक्षा अधिकृत -सदस्य-सचिव

(२) नगर शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. वडा शिक्षा समिति** : (१) नगरपालिका भित्रका वडाका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्न प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ ।

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा स्थित सबै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष - सदस्य

(ग) वडा स्थित विद्यालयहरुमध्ये आधारभूत तहको विद्यालयहरुको तर्फबाट प्रधानाध्यापक १ जना, माध्यामिक तहको विद्यालयहरुको तर्फबाट प्रधानाध्यापक १ जना गरी २ जना - सदस्य

(घ) वडा स्थित विद्यालयहरुका शिक्षक अभिभावक संघका अध्यक्ष मध्येबाट वडा अध्यक्षले छानेका १ जना - सदस्य

(ङ) वडास्थित बुद्धिजीवि, समाजसेवी मध्येबाट १ जना महिला पर्ने गरी वडा समितिले छनौट गरेका २ जना - सदस्य

(च) वडा सचिव - सदस्य सचिव

(२) वडा शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. विद्यालय व्यवस्थापन समिति** : (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) विद्यालयका अभिभावकले आफूहरुमध्येवाट चुनेको व्यक्ति एकजना - अध्यक्ष

(ख) विद्यालयका अभिभावकले आफूहरुमध्येवाट चुनेको १ र १ जना महिला र दलित सहित २ जना - सदस्य

(ग) नगरपालिकाको एकजना प्रतिनिधि- सदस्य

(घ) विद्यालय हेर्न तोकिएको विद्यालय निरीक्षक - सदस्य

(ङ) सम्बन्धित विद्यालय हेर्नेश्रोत व्यक्ति - सदस्य

(च) वरिष्ठ शिक्षक एक जना -सदस्य

(छ) विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष - सदस्य

(ज) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी २ जना आमन्त्रित सदस्य - सदस्य

(झ) प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि देहायको योग्यता हुनुपर्नेछ :

(क) आधारभूत तह(बाल विकास केन्द्र र कक्षा एकदेखि कक्षा आठसम्म) को लागि कम्तिमा एस.एल.सी. वा एस.इ.इ वा सो सरह उत्तिर्ण गरेको,

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

(ख) माध्यामिक तह(कक्षा १ देखि कक्षा १२ सम्म)को लागि कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको

(३) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगर शिक्षा शाखालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगरपालिकाबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) नगरपालिकाले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकामा पेश गर्ने,

(झ) नगरपालिकाले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने,

(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।

**(४) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-**

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाज सेवीहरुमध्येबाट नगरपालिकाले मनोनीत गरेको एकजना - सदस्य

(घ) शिक्षा शाखा प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(५) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले भवन वा जग्गा उपलब्ध गराएको वा कुनै किसिमको सहयोग दिएको वा विशेष उद्देश्यबाट सञ्चालित वा विशेष शिक्षा सञ्चालन गर्ने कुनै संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन नगरपालिकाबाट हुन आवश्यक देखिएमा नगर शिक्षा शाखाले त्यसको कारण खुलाई आफैले गर्न सक्नेछ ।

(७) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को स्वीकृति लिने,

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(च१) अस्थायी रुपमा नियुक्त शिक्षकलाई स्थायी हुने अवसर प्रदान गर्नका लागि यो खण्ड प्रारम्भ हुनु अघि नियुक्त त्यस्ता शिक्षकका हकमा यो खण्ड प्रारम्भ भएको मितिले र यो खण्ड प्रारम्भ भएपछि नियुक्त हुने शिक्षकको हकमा त्यसरी नियुक्त भएको मितिले छ महिनाभित्र स्थायी पूर्ति सम्बन्धी प्रक्रिया शुरु गर्ने,

(छ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) नेपाल सरकारले दिएका निर्देशनहरुको पालना गर्ने ।

(७क) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार, गठन प्रक्रिया र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१४. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** : (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई जिल्ला नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

१५. **नगर कार्यपालिकाले निर्देशन दिन सक्ने** : (१) नगर कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

१६. **नगर शिक्षा कोष :** (१) नगरपालिकामा एउटा नगर शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहनेछन् ।

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समितिबाट प्रात अनुदान

(ग) नगरपालिकाबाट प्राप्त रकम

(घ) शिक्षा करबाट उठेको रकम

(ङ) चन्दाबाट उठेको रकम

(च) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

१७. **नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्नेछ** : नगरपालिका वा तोकिएको अधिकारीले नगर शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै पनि विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढि विद्यालयलाई गाभी एउटा विद्यलाय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

१८. **विद्यालयको सम्पति** :(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नेपाल सरकारले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम नगर शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी वा त्यस्तो गुठीका सञ्चालकले आफ्नो लगानीको पूरै वा आंशिक हिस्सा तोकिए बमोजिम उत्तराधिकारीलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२ख) कुनै कारणले शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय बन्द भएमा त्यस्तो विद्यालयको नाममा रहेको सम्पत्तिमध्ये सार्वजनिक गुठीको रूपमा सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ र

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

त्यस्तो सम्पत्ति नेपाल सरकारले कुनै सामुदायिक विद्यालय वा शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्नेछ र निजी गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति उपदफा (२क) बमोजिम कसैलाई हस्तान्तरण नगरेको भएमा त्यस्तो गुठीका तत्काल कायम रहेका गुठी सञ्चालक (ट्रष्टी) ले तोके बमोजिमको विद्यालय वा शैक्षिक संस्थालाई दिन सक्नेछ ।

(२ग) उपदफा (२ख) बमोजिम निजी गुठीका सञ्चालकले सो सम्पत्ति कुनै विद्यालय वा शैक्षिक संस्थालाई नदिएमा वा त्यस्ता गुठीका सञ्चालक नै नभएमा सो विद्यालयको नाममा रहेको सम्पत्ति नेपाल सरकारले कुनै सामुदायिक विद्यालय वा कुनै शैक्षिक संस्थालाई उपलब्ध गराउन सक्नेछ ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ ।

तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृतिलिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

१९. **विद्यालयलाई छुट र सुविधा** :(१) प्रचिलत कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

२०. **विद्यालयको वर्गीकरण** : विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

२१. **विद्यालयलाई सुरक्षित र शान्तिपुर्ण क्षेत्रको रुपमा कायम गर्नु पर्ने** : (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्ने तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालन गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

२२. **शुल्क सम्बन्धि व्यवस्था** :(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(१ख) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकारले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(१ग) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिने छ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिईसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ । नगर कार्यपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा शुल्क निर्धारण गर्न सक्नेछ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(८) माथि जुनसुकै कुरा उल्लेख भएको भएतापनि विद्यालयमा अतिरिक्त कक्षा(ट्युशन, कोचिङ) संचालन गर्न आवश्यक देखिएमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार विद्यार्थीहरुबाट तोकिए बमोजिमको शुल्क लिन सकिनेछ।

२३. **शिक्षक महासंघ, शिक्षक तथा कर्मचारी पदीय आचरण र अन्य व्यवस्था** : (१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न नगरपालिकामा एक शिक्षक महासंघ रहनेछ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ :-

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा एवं. जुवातास, बाल विवाह, बहुविवाह, महिला हिंसा, छुवाछुत एवं. जातिय विभेद, बालबालिकाहरुमाथि दुर्व्यवहार जस्ता सामाजिक विकृति र विसंगतिमा लिप्त भएको पाईएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति" भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय तहस्तरको कार्यकारिणी समिति सम्झनु पर्छ।

२४. **स्थायी आवासीय अनुमति लिन नहुने** : (१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन। यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्तगरिनेछ।

(२) स्थायी आवासीय अनुमति सम्बन्धी अन्य व्यवस्था संघीय शिक्षा ऐनमा तोकिए बमोजिम हुनेछ।

२५. **शैक्षिक योग्यता** : विद्यलाय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

२६. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने** : नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

२७. **शिक्षकलाई अन्य काममा लगाउन नहुने**: (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्दार वा नेपाल सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

२८. **बालबालिकालाई निष्काशन गर्न, शारिरीक र मानसिक दुर्व्यवहार गर्न नहुने** : (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारिरीक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

(३) विद्यालयमा विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता सम्बन्धमा प्रत्येक विद्यालयहरुले विद्यालय व्यवस्थापन समिति, वडा स्तरिय शिक्षा समिति र नगर शिक्षा शाखासँगको समन्वयमा आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(४) विद्यालयले तोकेको विद्यार्थी आचारसंहिताको पालना गर्नु सम्बन्धित विद्यार्थीहरुको कर्तव्य हुनेछ।

२९. **शिक्षकको सरुवा** : (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिम फाराम भरी नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(२) प्राप्त निवेदनहरु शिक्षा शाखा मार्फत नगर शिक्षा समितिमा पेश गर्नुपर्नेछ । नगर शिक्षा समितिको निर्णयको आधारमा शिक्षकहरुलाई नगरपालिका क्षेत्रभित्रको कुनै एक विद्‍यालयबाट अर्को विद्‍यालयमा सरुवा गर्न सकिनेछ ।



आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा प्रमुखको सिफारिसमा नगरपालिकाभित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ ।

तर दरबन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा नभएको भएपनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (३) बमोजिम सरुवा गर्दा प्रमुख प्रशासकीय अधिकृतले नगर शिक्षा समितिको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३०. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने** : नियमानुसार विदा स्वीकृत नगराई बसेको शिक्षकले तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन ।

३१. **अध्यापन अनुमति पत्र लिनुपर्ने** :(१) **शिक्षक सेवा** आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि विद्यालयमा **अध्यापन** गर्न पाउने छैन ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी पदमा वाहेक विज्ञान, कम्प्युटर विज्ञान, इन्जिनियरिङ, गणित, अंग्रेजी, कार्यालय सञ्चालन तथा लेखा, कानून, कृषि तथा पशु विज्ञान विषयको हकमा करारमा स्वयमसेवक वा निजि पदमा शिक्षकभर्ना गर्न अध्यापन अनुमतिपत्र नभए पनिबाधा पर्ने छैन् ।

(३) अध्यापन अनुमतिपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. **विद्यालय कोष** : (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछन :

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान
(ख) जिल्ला समन्वय समितिबाट प्रात अनुदान
(ग) नगर शिक्षा कोषबाट प्राप्त अनुदान
(घ) शुल्कबाट प्राप्त अनुदान
(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान
(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

३३. **अनुदान कटौती नगरिने**: नेपाल सरकारले सामुदायिक विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौती गरिने छैन ।

तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

३४. **छात्रवृत्तिको व्यवस्था गर्न सक्ने**: नेपाल सरकारले माध्यमिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

३५. **शैक्षिक ऋणको व्यवस्था गरिने :-**(१) नगरपालिका क्षेत्रभित्र आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्न,नगरपालिकाको लागि आवश्यक प्राविधिक तथा अप्राविधिक दक्ष, सीपयुक्त र व्यवसायिक जनशक्ति तयार गर्न, विद्यमान गरीवी र बेरोजगारीको अवस्थालाई क्रमिक रुपमा अन्त्य गर्नसामुदायिक विद्यालयहरुबाट माध्यामिक तहसम्मको अध्ययन पूरा गरेका नगरपालिकाभित्रकागरीव तथा जेहेन्दार विद्यार्थीहरुलाई डाक्टर, पाइलट, इन्जिनियरजस्ता प्राविधिक विषयहरुको अध्ययन गर्ने अवसर प्रदान गर्ने उद्देश्यले नगरपालिकाले छात्रवृत्तिका अतिरिक्त सहुलियत दरमा शैक्षिक ऋणको व्यवस्था गर्नेछ ।

(२) शैक्षिक ऋण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने** : (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा पच्चिस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, नगर शिक्षा शाखाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकप्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

३७. **प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान दिन सक्ने**: नेपाल सरकारले नगरपालिकाको सहयोगमा

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

खोलिएकाप्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

३८. **साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने** :(१) नगरपालिकाले सामुदायिक विद्यालय, संस्थागत विद्यालय र शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय तथा एकभन्दा बढी शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरु बीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार, साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

३९. **अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने**: (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. **प्रगति विवरण बुझाउनु पर्ने** :सामुदायिक एवं संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगर शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

४१. **कर्मचारी सम्बन्धी व्यवस्था**: (१) सामुदायिक विद्यालयमा मन्त्रालयले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. **प्रारम्भिक बालविकास शिक्षा** : (१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) नेपाल सरकारले प्रारम्भिकबालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

४३. **सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने** : नगरपालिकाले समुदायमा साक्षरता, सिप विकास, आयआर्जन तथा सिपमुलक कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

४४. **प्रगति विवरण बुझाउनु पर्ने** : संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिकामा बुझाउनुपर्ने छ ।

४५. **दण्ड र सजाय** : (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा नोक्सानी गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपुर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृती वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमित गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष, भाषा शिक्षण, कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(झ) नगर कार्यपालिका तथा नगर शिक्षा समितिले गर्न नहुने भनि तोकेका कार्यहरु गरेमा ।

(ञ) शिक्षण पेशाको अवमूल्यन हुने कार्य गरेमा ।

४६. **अदालतको आदेशबाट पुनर्बहाली हुन सक्ने** : विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ ।

४७. **मुद्दा हेर्ने अधिकारी** : (१) दफा ३३ बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा कार्वाही र किनारा गर्ने

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

अधिकारी स्थानीय न्यायीक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कार्वाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

४८. **नमुना स्कूल सञ्चालन गर्न सक्ने :** (१) नगरपालिका एक्लैले वाअन्य निकाय समेतको साझेदारीमा नगरपालिका स्तरिय वा वडा स्तरिय नमूना स्कूल सञ्चालन गर्न सकिनेछ ।

(२) नमूना स्कूल सञ्चालन सम्बन्धी कार्यविधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(३) हाल संचालनमा रहेका सामुदायिक विद्यालयहरुलाईसमेत नमूना विद्यालयको रुपमा विकास गर्न सकिनेछ ।

४९. घुम्ति विद्यालय सञ्चालन गर्न सक्ने : नगरपालिकाले नगरपालिकाभित्रका विकट क्षेत्रमा तोकिए बमोजिमको घुम्ती विद्यालय सञ्चालन गर्न सक्नेछ ।

५०. **दरबन्दी सिर्जना गर्नसक्ने** :(१) नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यलायका लागि नगरपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि स्वयमसेवक वा करार शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ ।

(२) दरवन्दी सिर्जना गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **शिक्षाकर लगाईने** :(१) आफ्ना बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा पठनपाठन नगराई देशको जुनसुकै संस्थागत विद्यालयमा पठनपाठन गराउने शिक्षक, कर्मचारी, पदाधिकारी एवं अविभावकलाई नगरसभाको निर्णयानुसारकोशिक्षा कर लगाईनेछ ।

(२) शिक्षक, कर्मचारी र पदाधिकारीलाई लगाईने शिक्षा करको भार र अविभावकलाई लगाईने शिक्षा करको भार फरकफरक हुनेछ ।

५१. **नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

(२) उपदफा(१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी सो नियमद्वारा खास गरी देहायका कुराहरुको व्यवस्था हुन सक्नेछ :-

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,
(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असुल गर्ने तरिका,
(ग) विद्यालयलाई दिईने अनुदान,
(घ) विद्यालयको परीक्षा,
(ङ) विद्यालयको अतिरिक्त क्रियाकलाप र कार्यक्रमको निर्धारण,
(च) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथ ग्रहण सम्बन्धी,
(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरुको संख्या,
(ज) विद्यालयको सम्पत्तिको सुरक्षा,
(झ) विद्यालयको छात्रावास चलाउने,
(ञ) विद्यालयको आय-व्ययको जाँच,
(ट) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका,
(ठ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री,
(ड) शिक्षक तथा विद्यार्थीहरुको आचार संहिता,
(ढ) विद्यालयको पुस्तकालय र वाचनालय,
(ण) सह-शिक्षा,
(त) शिक्षण तथा विद्यालय व्यवस्थापन तालीम,
(थ) प्रधानाध्यापकको नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, काम, कर्तव्य र अधिकार तथा सुविधा,
(द) विद्यालयका शिक्षकहरुको सेवा शर्त सम्बन्धी,
(ध) विद्यालयका शिक्षकहरुको अध्यापन अनुमतिपत्र, परिचयपत्र र चिन्ह,
(न) विशेष शिक्षा,
(प) अनौपचारिक शिक्षा,
(फ) दूर शिक्षा तथा खुला शिक्षा,
(ब) नगर शिक्षा कोष,
(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(म) अन्य आवश्यक कुराहरु,
(य) आवासीय विद्यालय सञ्चालन गर्ने,
(र) संस्थागत विद्यालय सम्बन्धी,
(ल) कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी ।

५२. **निर्देशिका बनाउन सक्ने** : यस ऐनको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

५३. **बाधा अड्काउ हटाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

५४. **बचाउ र लागु नहुने** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कार्वाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनमा कुनै दफा वा उपदफाहरु संविधानसँग बाँझिएको हकमा स्वतः निष्क्रिय हुनेछ ।

(४) यो ऐन पारित हुनुभन्दा अघि भएका कार्यहरु यसै बमोजिम भएको मानिनेछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

| | |
|---|---|
| **नगरसभाबाट स्वीकृती** | **प्रमाणिकरण** |
| मितिः २०७५/०१/०२ | मितिः २०७५/०१/१४ |